आज मिति २०७७ साल भदौ महिनाको १२ गते शुक्रवारका दिन पर्सा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री अस्मान तामाङज्यूको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्र (District Crisis Management Centre) को बैठक देहायको उपस्थितिमा बसी निम्न अनुसारका निर्णयहरु गरियो ।

**सल्लाहकार**

| | |
|---|---|
| प्रमुख श्री नेक महम्द अंसारी | जिल्ला समन्वय समिति, पर्सा |

**उपस्थिति**

| | |
|---|---|
| अध्यक्ष श्री अस्मान तामाङ | प्रमुख जिल्ला अधिकारी, पर्सा |
| सदस्य श्री संजय कुमार ठाकुर | मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा |
| सदस्य श्री मदनजंग राणा | प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा |
| सदस्य श्री गंगा पन्त | प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा |
| सदस्य श्री राजेन्द्र खड्का | सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा |
| सदस्य श्री कुमार खड्का | उप अनु. निर्देशक, रा.अ.जि. कार्यालय, पर्सा |
| सदस्य श्री कामेश्वर प्रसाद चौरसिया, | बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का. |
| सदस्य श्री विनय कुमार श्रीवास्तव | जिल्ला प्रशासन कार्यालय, पर्सा |

**आमन्त्रित:**

| | |
|---|---|
| श्री प्रभु हजरा | ने.क.पा. पर्सा |
| श्री अजय द्विवेदी | नेपाली कांग्रेस, पर्सा |
| श्री राम नरेश यादव | स.स.फो. पर्सा |
| श्री जगदिश पटेल | स.स.फो. पर्सा |
| प्र.प्र.अ श्री प्रदिप कुमार निरौला | वीरगंज महानगरपालिकाको कार्यालय, पर्सा |
| श्री डा. रमेश मिश्र | जिल्ला आयुर्वेद कार्यालय, पर्सा |
| श्री विरेन्द्र कंडेल | नेपाल रेडक्रस सोसाईटी, पर्सा |
| श्री गोपाल केडिया | वीरगंज उद्योग वाणिज्य संघ, पर्सा |
| श्री सुवोध गुप्ता | वीरगंज उद्योग वाणिज्य संघ, पर्सा |

**निर्णयहरु**

१. कोभिड-१९ को बढ्दो संक्रमणका कारण समग्र क्षेत्रमा उत्पन्न असहज परिस्थितिका बावजुद आ-आफ्नो ठाउँबाट संक्रमणको जोखिम नियन्त्रण गर्ने यस अभियानमा सदाझैं निरन्तरको सहयोग, साथ र सहभागिताको लागि सम्बन्धित सबैमा धन्यवाद व्यक्त गरियो ।

२. विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ को पर्सा जिल्लामा फैलदो संक्रमण, बढ्दो मृत्यूदर, हालको अवस्था, गर्नुपर्ने पहल, चाल्नुपर्ने कदमको बारेमा समिक्षा गरियो । मिति २०७७ साल श्रावण १० देखी बीरगंज महानगरपालिका र श्रावण १९ गते देखी पर्सा जिल्ला भरी लागु हुने गरी जारी निषेधाज्ञाले संक्रमण विस्तारको Chain-Break गर्न सफल रहेको विश्लेषण गरियो ।

३. निषेधाज्ञा अवधिभर अति आवश्यक वस्तुहरुको ढुवानी सहजताको लागि उद्योग वाणिज्य संघ, बीरगंजले समन्वय तथा सहजीकरण गर्ने ।

४. औधोगिक प्रतिष्ठानहरुमा हुन सक्ने सम्भावित संक्रमण नियन्त्रण तथा त्यहाँबाट हुन सक्ने संक्रमण विस्तारलाई रोकथाम गर्न नेपाल सरकारद्वारा जारी सुरक्षा तथा स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्न लगाउने । कर्मचारी तथा कामदारहरुलाई आवश्यक Quarantine तथा संक्रमण देखिएमा Isolation को व्यवस्था सम्बन्धित उद्योग प्रतिष्ठानले गर्ने । औधोगिक प्रतिष्ठानहरुको नियमित रुपमा अनुगमन व्यवस्था मिलाईने । मापदण्ड पुरा नगर्ने उद्योग प्रतिष्ठाहरुलाई संक्रामक रोग नियन्त्रण ऐन, २०२० को दफा ३ को उपदफा १ र २ बमोजिम कारवाही गर्ने र शिलबन्दी समेत गर्न सकिने ।

५. अस्पतालहरुमा रगतको अभाव हुन नदिन Blood Bank को प्रभावकारी व्यवस्थापन नेपाल रेडक्रस सोसाईटी, पर्सा शाखाले गर्ने ।

६. कोभिड-१९ को संक्रमण विस्तारलाई रोक्न "NO Mask No Move" अभियान सञ्चालन गर्ने । सार्वजनिक स्थल, पसल, अस्पताल, बजार, सार्वजनिक कार्यालयहरुमा मास्क नलगाई आवतजावत गर्ने व्यक्तिहरुलाई तत्काल कारवाही गर्ने ।

७. बीरगंज वजार स्थित वैंकहरु आवश्यकता र मानवीयताका आधारमा अति संवेदनशील क्षेत्रमा सुरक्षा तथा स्वास्थ्य सम्बन्धी सम्पूर्ण मापदण्ड पुरा गरी सेवा उपलब्ध गराउने ।

८. अति गरिब, विपन्न, दैनिक ज्यालादारी गरी जिवकोपार्जन गर्ने नागरिकलाई औचित्य, आवश्यकताका आधारमा राहत उपलब्ध गराउने । चामल, दाल, नुन, तेल जस्ता खाद्य सामाग्रीको थैली तयार गरी वितरणको प्रवन्ध वीरगंज महानगरपालिकाले गर्ने ।

९. कोभिड-१९ को प्रभावकारी व्यवस्थापन गर्न Contact Tracing कार्यलाई थप सहज वनाउन बीरगंज महानगरपालिका क्षेत्रभित्र प्रत्येक वडामा वडा अध्यक्षको संयोजक्तवमा स्थानीय स्वास्थ्यकर्मीहरुलाई परिचालन गर्ने । सो कार्यमा नेपाल प्रहरीले सहयोग तथा सहजीकरण गर्ने । प्रत्येक दिनको प्रगति विवरण DEOC लाई अनिवार्य रुपमा वडा अध्यक्षले उपलब्ध गराउने ।

१०. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट खटिई आएका चिकित्सक, माईक्रोवायोलोजिष्ट लगायतका स्वास्थ्यकर्मीलाई कोभिड-१९ का विरामीहरुको उपचारमा खटाईने ।

११. नारायणी अस्पतालले Rotor Disc 72 well तत्काल Install गरी प्रयोगमा ल्याउने ।

१२. सुख्खा बन्दरगाह, एकिकृत जाँच चौकीबाट हुने मालबस्तुको ढुवानी, चालक, सहचालक, भरिया, कामदार, सवारी साधनको सम्पूर्ण व्यवस्थापन सम्बन्धित भन्सार कार्यालयले गर्ने ।

१३. कोभिड-१९ रोकथाम नियन्त्रण र उपचारलाई व्यवस्थित र प्रभावकारी वनाउन जिल्ला समन्वय समितिका प्रमुख श्री नेक महमद अंसारीज्यूको अध्यक्षतामा तपशिल बमोजिमका सदस्यहरु रहने गरी एक अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

सदस्य श्री अस्माना तामाङ प्रमुख जिल्ला अधिकारी, पर्सा
सदस्य श्री प्रदिप कुमार निरौला प्र.प्र.अ. वीरगंज महानगरपालिकाको कार्यालय, पर्सा
सदस्य श्री संजय कुमार ठाकुर मे.सु. नारायणी अस्पताल, बीरगंज, पर्सा
सदस्य श्री मदनजंग राणा प्रमुख सेनानी, चण्डी प्रसाद गण, पर्सा
सदस्य श्री गंगा पन्त प्रहरी उपरीक्षक, जिल्ला प्रहरी का., पर्सा
सदस्य श्री राजेन्द्र खड्का सशस्त्र प्रहरी उपरीक्षक, स.प्र.ब. नेपाल, पर्सा
सदस्य श्री कुमार खड्का उप अनु. निर्देशक, रा.अ.जि. कार्यालय, पर्सा
सदस्य श्री कामेश्वर प्रसाद चौरसिया, बरिष्ठ जनस्वास्थ्य अधिकृत, जि.स्वा.का.
सदस्य श्री विनय कुमार श्रीवास्तव जिल्ला प्रशासन कार्यालय, पर्सा

१४. सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत कोभिड-१९ नियन्त्रण/व्यवस्थापन सम्बन्धी जनचेतना मूलक कार्यक्रम संचालन गर्ने ।